नेपाल सरकार

**वन तथा भू-संरक्षण मन्त्रालय**

# वन अनुसन्धान तथा सर्वेक्षण विभाग

**वनपरिसर, बबरमहल, काठमाण्डौ ।**

## सूची दर्ता गराउने बारेको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७४।०३।२९**

यस विभागलाई आ.व. ०७४/०७५ अवधिका लागि तपसिलमा उल्लेखित सामान तथा सेवाहरु आपूर्ति गर्न पाउने इजाजतपत्र प्राप्त इच्छुक रजिष्टर्ड फर्म, कम्पनी, विक्रेता तथा सेवा प्रदायकहरुले फर्म दर्ताको प्रमाणपत्र, मू.अ.कर दर्ता तथा कर चुक्ता प्रमाणपत्रहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि साथ यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ को प्रयोजनका लागि मौजुदा सूचीमा दर्ता हुन रीतपूर्वक निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । आवेदकलाई सूचीमा समावेश गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विभागमा निहित रहनेछ । अन्य आवश्यक कुरा बुझ्नु परेमा यस विभागको स्टोरमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

**तपसिल**

१. स्टेशनरी, मसलन्द, पत्रपत्रिका र कार्यालय सम्बन्धी अन्य सामानहरु आपूर्ति ।
२. छपाई सम्बन्धी कार्य ।
३. सवारी साधन (गाडी तथा मोटरसाइकल) मर्मत संभार तथा स्पेयर पार्टस् ।
४. लेखा सम्बन्धी सफ्टवेयर सूचना प्रविधि तथा उपकरण आपूर्ति सम्बन्धी कार्य
५. फर्निचर एवं फर्निसिङ्गका सामान आपूर्ति तथा सो सम्बन्धी मर्मत ।
६. सार्वजनिक निर्माण तथा मर्मत (धारा, बिजुली समेत) एवं रंगरोगन सम्बन्धी ।
७. पुस्तक आपूर्ति एवं बुक बाईन्डीङ्ग तथा Digitization कार्य ।
८. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर, फोटोकपी, फ्याक्स, एयरकण्डिसन एवं अन्य इलेक्ट्रोनिक्स तथा इलेक्ट्रिकल सामान) आपूर्ति तथा सोको मर्मत ।
९. परामर्श सेवा (अध्ययन, अनुसन्धान, सर्वेक्षण, पुस्तकालय एवं माटो प्रयोगशाला सम्बन्धी) ।
१०. इन्टरनेट सेवा, वेवसाइट अद्यावधिक तथा नेटवर्किङ्ग सम्बन्धी कार्य ।
११. माटो परीक्षण केमिकल्स, रिएजेन्ट, तथा उपकरणहरु आपूर्ति सम्बन्धी ।
१२. खानेपानी आपूर्ति सम्बन्धी ।
१३. उच्च हिमाली वन क्षेत्र तथा पहाडी वन क्षेत्रमा समेत जान सक्ने सवारी साधन भाडामा लिने सम्बन्धी कार्य ।
१४. गोष्ठी, सेमिनार आयोजना स्थल र सम्वद्ध अन्य सेवा ।
१५. हवाई टिकट आपूर्ति गर्ने कार्य ।
१६. विज्ञापन छपाई, श्रव्य दृश्य निर्माण तथा प्रचार प्रसार गर्ने कार्य ।